# मुसहर समुदायका दम्पतीहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग तथा असर सम्बन्धी अध्ययन


प्रस्तुतकर्ता

नामः- अम्बिका देवी अधिकारी

सि.नं. :- २१८००६३/२०७१

त्रि.वि. र नं. :- ६-१-३-१९४-२००६


त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो बर्ष

स्वास्थ्य शिक्षा विषय (५९८) को आंशिक पाठ्यभार पुरा गर्न तयार पारिएको एक शोधपत्र


त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र सङ्काय

जनता बहुमुखी क्याम्पस

स्वास्थ्य तथा शारीरिक शिक्षा विभाग

इटहरी, सुनसरी २०७४

**घोषणा पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय तर्फ स्नातकोत्तर तह दोस्रो बर्ष स्वास्थ्य शिक्षा विषयको आंशिक पाठ्यभार पुरा गर्न तयार पारिएको एक शोधपत्र हो । यसका लागि सुन्दरहरैचा नगरपालिकाको वार्ड नं. ५ का १५० मुसहर समुदायका दम्पतीहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग तथा असर सम्बन्धमा अध्ययनबाट प्राप्त बिवरणहरुलाई आधार मानी शोधपत्र प्रस्तुत गरिएको छ ।

यस शीर्षकमा अध्ययनबाट जतिपनि जानकारी तथा तथ्याङ्कहरुलाई यस शोधपत्रमा उल्लेख गरिएको छ । उक्त तथ्यहरु मेरो आफनै अध्ययन कार्य र व्यक्तिगत प्रयासको प्रतिफल हो । जसमा उत्तरदातासँगको प्रत्यक्ष अन्तरक्रियाबाट प्राप्त जानकारीहरुलाई व्याख्या तथा विश्लेषण गरी उल्लेख गरिएको छ भनी स्वयम् घोषणा गर्दछु ।

अम्बिका देवी अधिकारी

त्रिभुवन विश्वविद्यालय

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

स्थापना : २०४५

फोन नं. ०२५-५८००६४
०२५-५८१३००

(विज्ञान, व्यवस्थापन, मानविकि तथा शिक्षा शास्त्र सङ्काय)

प.सं. :-

च.नं. :- मिति :-

**सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय एम.एड. दोस्रो वर्षको स्वास्थ्य शिक्षा अन्तर्गतको स्वास्थ्य शिक्षा विषयको कोड नं. ५९८ को आंशिक आवश्यकता परिपुर्ति गर्नका लागि **अम्बिका देवी अधिकारी** ले तयार पारेको **"मुसहर समुदायका दम्पत्तिहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग तथा असर"** सम्बन्धि गरिएको शोधपत्र प्रति पूर्ण सन्तुष्टि प्रकट गर्दै बाह्य परीक्षणका लागि सिफारीस गर्दछु ।

.....................................

उप-प्रा. संजिव कुमार यादव

स्वास्थ्य तथा शारीरिक शिक्षा विभागीय प्रमुख /शोधपत्र निर्देशक

जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

मिति:- ...........................

त्रिभुवन विश्वविद्यालय

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी

स्थापना : २०४५ .

(विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षा शास्त्र संकाय)

फोन नं. ०२५-५८००६४

०२५-५८१३००

प.सं. :-

च.नं. :-

मिति :-..........................

## स्विकृत पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षशास्त्र संकाय एम.एड. दोस्रो वर्षको स्वास्थ्य शिक्षा अन्तर्गतको स्वास्थ्य शिक्षा विषयको कोड नं. ५९८ को आंशिक आवश्यकता परिपुर्ति गर्नका लागि **अम्बिका देवी अधिकारी** ले तयार पारेको **"मुसहर समुदायका दम्पतिहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग तथा असर"** सम्बन्धि गरिएको शोधपत्र प्रति पूर्ण सन्तुष्टि प्रकट गर्दै वाह्य परीक्षणका लागि सिफारिस गरिएको छ।

सोधपत्र मुल्याङ्कन समिति

हस्ताक्षर

उप-प्रा. संजिव कुमार यादव

स्वास्थ्य तथा शारिरिक शिक्षा विभागीय प्रमुख

जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी

विभागियप्रमुख शोधपत्र निर्देशक

सा.प्रा. विरेन्द्र कार्की

स्वास्थ्य तथा शारिरिक शिक्षा विभाग

जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी

सदस्य

प्रा.डा. असोक कुमार झा

स्वास्थ्य तथा शारिरिक शिक्षा विभाग

सु.म.मो.व्य. बहुमुखी क्याम्पस

सिरहा

वाह्य परीक्षक

मिति :-..............................

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पस शिक्षा शास्त्र संकाय तर्फ स्नातकोत्तर तह दोस्रो बर्ष स्वास्थ्य शिक्षा विषयको (HED 598)आंशिक पाठ्यभार पुरा गर्न तयार पारिएको हो । यसका लागि सुन्दरहरैचा नगरपालिका वार्ड नं. ५ का मुसहर समुदायका १५० जना दम्पतीहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग तथा असर सम्बन्धमा अध्ययनबाट प्राप्त बिवरणहरुलाई आधार मानिएको छ ।

प्रस्तुत शोधपत्र तयार पार्दा शीर्षक चयन देखि लिएर, सबैकाममा सहयोग, निर्देशन, सल्लाह, सुझाव प्रदान गर्नुहुने स्वास्थ्य शिक्षा विभागका विभागीय प्रमुख तथा शोधपत्र निर्देशक उप-प्राध्यापक श्री संजीव कुमार यादव ज्यू तथा अन्य गुरुहरु श्री मनोज कुमार चौधरी, विरेन्द्र कार्की ज्यूहरु प्रति आभार तथा विशेष धन्यवाद प्रकट गर्न चाहन्छु । साथै अध्ययन जनसंख्याका रुपमा रहेका सुन्दरहरैचा नगरपालिका वार्ड नं. ५ का मुसहर जातीका दम्पतीहरुलाई उहाँहरुको साथ र सहयोगका लागी धन्यवाद दिन चाहन्छु ।

अन्तमा यस प्रतिबेदनलाई कम्प्युटर टाईप गरी विशेष सहयोग पुऱ्याउने इटहरी डटनेट साईबर क्याफेका प्रोप्राईटर विप्लब दहाल ज्यूलाई धन्यवाद दिन चाहन्छु । साथै शोधपत्रलाई पूर्णता दिन प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अम्बिका देवी अधिकारी

एम.एड. दोस्रो बर्ष

## सारसंक्षेप

मोरङ्ग जिल्ला सुन्दरहरैचा नगरपालिका वार्ड नं. ५ मा रहेका मुसहर समुदायका दम्पतीहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग सम्बन्धी गरिएको अध्ययन एक स्थलगत अध्ययन हो ।

यस अध्ययनको मुख्य उद्देश्यका रुपमा मुसहर समुदायका दम्पतीहरुको परिवार नियोजनका साधनहरुको ज्ञानको स्थिति पत्ता लगाउनु, दम्पतीहरुको परिवार नियोजनको साधनहरुको प्रयोगको अवस्थाको विश्लेषण गर्नु, दम्पतीहरुको परिवार नियोजनका साधनको प्रयोगमा रहेको समस्या पत्ता लगाउनु र मुसहर समुदायका दम्पतीहरुले परिवार नियोजनका साधनहरुको प्रयोगमा देखा परेका असरहरु पत्ता लगाउनु रहेको छ । यस अध्ययनमा बर्णनात्मक अध्ययन विधि प्रयोग गर्नुका साथै सम्भावनारहित नमुना छनौट विधि अर्न्तगतको उद्देश्य पूर्ण नमुना छनौट विधिको प्रयोग द्वारा १५०जना दम्पतीहरुलाई अध्ययन नमुना जनसंख्याको रुपमा लिईएको छ । यस अध्ययनमा सूचना तथा जानकारीहरु संकलन गर्न संरचित अर्न्तवार्ता सूचि तयार पारी प्रत्यक्ष भेटघाटद्वारा आवश्यक जानकारी लिइएको छ । प्राप्त जानकारीहरुलाई अध्ययनको उद्देश्य र प्राप्त भएको तथ्याङ्कको प्रकृतिको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

अध्ययन जनसंख्याको रुपमा रहेको मोरङ्ग जिल्ला सुन्दरहरैचा नगरपालिकाका मुसहर जातीका १५० दम्पतीहरुको व्यक्तिगत, पारिवारिक, शैक्षिक, आर्थिक तथा परिवार नियोजनका साधनहरुको ज्ञान र प्रयोगको सम्बन्धमा केन्द्रित रहेर अध्ययन गरिएको थियो । अध्ययन जनसंख्याको रुपमा रहेको सुन्दरहरैचा नगरपालिकाको वार्ड नं. ५ मा विभिन्न जनजातिहरु रहेपनि मुसहर जातका दम्पतीहरुलाई मात्र अध्ययनमा समावेस गराएको हुदा सोही जातका दम्पतीहरु सँग मात्र अन्तरकृया गरिएको थियो । उनीहरुले आफ्नो जात अनुसारको मातृभाषाहरु र नेपाली भाषा पनि बोल्ने गरेको पाईयो । मुसहर जातीका दम्पतीहरुको धर्मगत पक्षलाई अध्ययन गर्दा हिन्दू धर्म मान्ने दम्पतीहरुको संख्या ८० प्रतिशत र क्रिश्चियन धर्म मान्ने दम्पतीहरु २० प्रतिशत रहेको पाईयो । उक्त समुदायका दम्पतीहरुले दुईवटा धर्महरु मात्र मान्ने गरेको पाईयो ।

मुसहर समुदायका दम्पतीहको परिवारको बनोटलाई हेर्दा ६०% संयुक्त परिवार र ४०% एकल परिवार रहेको पाईयो । मुसहर जातीका १५० महिलाहरुमध्ये ३२% ले प्रा.वि. तह सम्मको शिक्षा हासिल गरेको कुनैपनि किसिमको औपचारिक शिक्षा हासिल नगरेको ६१.३३ प्रतिशतले र ४ प्रतिशतले नि.मा.वि. तह सम्मको र २.६६ प्रतिशत ले मात्र मा.वि. वा सो भन्दा माथिको शिक्षा हासिल गरेको पाईयो । त्यस्तै गरी १५० जना दम्पतीहरु मध्ये पुरुषहरुले ५८.६६ प्रतिशतले प्रा.वि. तह सम्मको शिक्षा प्राप्त गरेको १८ प्रतिशतले नि.मा.वि. तह सम्मको, ३.३३ प्रतिशतले मा.वि. वा सो भन्दा माथि र २० प्रतिशतले कुनै पनि किसिमको औपचारिक शिक्षा प्राप्त नगरेको पाईयो । अध्ययन जनसंख्याको रुपमा रहेको १५० महिलाहरु मध्ये २१.३३ प्रतिशतले कुनै पनि किसिमको पेसा नअपनाएको २७.३३ प्रतिशत कृषि पेसामा संलग्न रहेको १२ प्रतिशत व्यापार र ३९.३३ प्रतिशत मजदुरी पेसामा संलग्न रहेको पाईयो । अध्ययन जनसंख्याको

रुपमा रहेको दम्पतीहरुमा पुरुषहरुको पेसा अन्तर्गत कृषि पेसामा संलग्न १४ प्रतिशत , ६.६६ प्रतिशतले व्यापार, ५२.६६ प्रतिशतले मजदुरी पेसा गर्ने गरेको र २६.६६ प्रतिशत बैदेशिक रोजगारमा संलग्न रहेको पाईयो । अध्ययन जनसंख्यको रुपमा रहेका १५० जना महिलाहरुमध्ये १६.६६ प्रतिशतको १३-१५ बर्षको उमेरमा विवाह भएको, ४७.३३ प्रतिशतको १६-२० बर्षको उमेरमा विवाह भएको, २३.३३ प्रतिशतको २१-२५ बर्षको उमेरमा विवाह भएको र २५ भन्दा माथिको उमेरमा विवाह हुने १२.६६ प्रतिशत रहेको पाईयो । अध्ययन जनसंख्याको रुपमा रहेका १५० जना महिलाहरु मध्ये १३-१९ बर्षमा पहिलो बच्चा हुनेमा ४५.३३ प्रतिशत, २०-२४ बर्षमा पहिलो बच्चा हुनेमा २८ प्रतिशत, २५-३० बर्षको उमेरमा १८.६६ प्रतिशत र ३० भन्दा माथिको उमेरमा पहिलो बच्चा हुने ८ प्रतिशत मात्र रहेको पाईयो । त्यस्तै गरी तत्कालिन समयमा ९.३३ प्रतिशत महिलाहरुको १ जना बालबच्चा रहेको १७.३३ प्रतिशतको २ जना, २४ प्रतिशतको ३ जना, ३१.३३ प्रतिशतको ४ जना र १८ प्रतिशत दम्पतीहरुको बाल बच्चा नभएको पाईयो । त्यस्तैगरी १५० मुसहर जातका दम्पतीहरु मध्ये ४३.३३ प्रतिशतलाई परिवार नियोजन बारे जानकारी भएको र ५६.६६ प्रतिशत लाई ज्ञान नभएको पाईयो । परिवार नियोजन भनेको जन्मान्तर गर्ने विधि हो भन्नेमा ३० प्रतिशत, इच्छित सन्तान जन्माउने तरिका भन्नेमा ३८ प्रतिशत र जनसंख्या बृद्धी कम गर्ने विधिहो भन्नेमा ३२ प्रतिशत रहेको पाईयो । परिवार नियोजनका साधनहरुको बारेमा जानकारी प्राप्त गरेका माध्यमहरुमा सञ्चार माध्यमबाट जानकारी पाउने ३२.६६ प्रतिशत, पढेर जानकारी पाउने १२ प्रतिशत, स्वयम्सेविका बाट जानकारी पाउने २१.३३ प्रतिशत, साथीभाईबाट जानकारी पाउने १८ प्रतिशत र १६ प्रतिशतले जानकारी नपाएको पाईयो । मुसहर समुदायका दम्पतीहरुमध्ये ४२.७७ प्रतिशत ले परिवार नियोजनका साधनहरु प्रयोग गर्ने गरेको र ५७ प्रतिशतले भने कुनै पनि साधनहरु प्रयोग नगरेको पाईयो । अध्ययन क्षेत्रका जनसंख्या मध्ये परिवार नियोजनका साधनहरुको विषयमा पतिपत्नि वीच खुलेर कुराकानी हुने ३८ प्रतिशत रहेको पाईयो भने ६२ प्रतिशतले यस विषयमा खुलेर कुराकानी नगर्ने गरेको पाईयो । अध्ययन क्षेत्रका जनसंख्या मध्ये परिवार नियोजनका साधनहरु प्रयोग गर्ने दम्पतीहरु ४२.६६ प्रतिशतमा पतिले साधन प्रयोग गर्नेमा ९.३३ प्रतिशत रहेको पाईयो भने ३३.३३ प्रतिशत पत्नीले परिवार नियोजनका विभिन्न साधनहरु प्रयोग गरेको पाईयो । अध्ययन क्षेत्रका जनसंख्या मध्ये परिवार नियोजनका साधनहरु प्रयोग गर्ने दम्पतीहरुमा साधन प्रयोग नगर्नुका कारणहरुमा लाज लागेरमा १४ प्रतिशत , परिवारले प्रयोग गर्न नदिएर मा २२.६६ प्रतिशत, असर गर्छ भनेर प्रयोग नगर्नेमा १४.६६ प्रतिशत र सन्तुष्टि नभएर भन्नेमा ६ प्रतिशत रहेको पाईयो । . अध्ययन क्षेत्रका मुसहर जातका दम्पतीहरुले प्रयोग गरेका परिवार नियोजनका साधनहरु मध्ये स्थायी बन्ध्याकरण गराउने ४.६६ प्रतिशत रहेको त्यसै गरी अस्थायी साधनहरु प्रयोग गर्ने ३८ प्रतिशत रहेको पाईयो । अध्ययन क्षेत्रका मुसहर जातका दम्पतीहरुमध्ये महिलाले प्रयोग गरेका अस्थायी साधनहरु मध्ये पिल्स प्रयोग गर्ने ७.३३, डिपो सुई प्रयोग गर्ने १३.३३ प्रतिशत इम्प्लान्ट प्रयोग गर्ने ५.३३ प्रतिशत, कपर्टी प्रयोग गर्ने ३.३३ प्रतिशत र कण्डम प्रयोग गर्ने ८.६६ प्रतिशत रहेको पाईयो । अध्ययन क्षेत्रका जनसंख्या मध्ये परिवार नियोजनका साधनहरु प्रयोग गर्ने दम्पतीमा स्थायी बन्ध्याकरण गराउने दम्पत्ति मध्ये भ्याक्सेटोमी गराउने

पुरुष ०.६६ प्रतिशत रहेको, मिनिल्याप गराउने महिला २.६६ प्रतिशत रहेको र ल्यापरोस्कोपी गराउने महिला १.३३ प्रतिशत रहेको पाईयो ।

अध्ययन क्षेत्रका जनसंख्यालाई छोराछोरी पढ्न पठाउने स्थान सबन्धमा सरकारी विद्यालय पठाउने ७२ प्रतिशत, निजी विद्यालय पढाउने १२ प्रतिशत र वीचैमा पढ्न छोड्नेमा १६ प्रतिशत रहेको पाईयो । अध्ययन क्षेत्रका जनसंख्या मध्ये महिलाहरुमा धेरै सन्तान जन्माएका कारण उत्पन्न भएका स्वास्थय समस्या अन्तर्गत ढाड दुख्ने समस्या हुने महिला २७.३३ प्रतिशत, पाठेघर खस्ने समस्या भएको भन्नेमा ९.३३ प्रतिशत, तल्लो पेट दुख्ने भन्नेमा १८ प्रतिशत र समस्या नहुने महिला ४५.३३ प्रतिशत रहेको पाईयो । अध्ययन क्षेत्रका जनसंख्याहरुमा परिवार नियोजनका साधनहरुका बारेमा दौतरी सँग छलफल गर्ने जनसंख्या अर्न्तगत कपर्टीको विषयमा छलफल गर्ने २० प्रतिशत, इम्प्लान्ट सम्बन्धी छलफल गर्ने २३.३३ प्रतिशत, कण्डमको विषयमा छलफल गर्ने १२ प्रतिशत, स्थायी विधिहरुको विषयमा छलफल गर्ने ८ प्रतिशत र छलफल नगर्ने ३५.६६ प्रतिशत रहेको पाईयो ।

समग्रमा अध्ययनबाट मुसहर जातीका दम्पतीहरुमा परिवार नियोजन र यसका साधनहरुको बारेमा थोरै र केही जानकारीहरु भए पनि प्रशस्त र प्रभावकारी सूचनाहरु नभएको, यस विषयमा लाज, डर र संकोचका कारण सबैसँग खुलेर कुरा गर्न नसकेकाले प्रयोगको अवस्थामा कमी आएको त्यसै गरी आर्थिक अवस्था पनि कमजोर रहेको र धेरै सन्तान जन्माई आफ्ना सन्तानलाई पनि काममा पठाउन वाध्य भएका साथै धेरै सन्तान जन्माएका कारण महिलाहरुको स्वास्थ्यमा पनि निकै नै समस्याहरु आएको त्यसैगरी परिवार नियोजनका साधनहरुको प्रयोगले स्वास्थ्यमा धेरै असर पुऱ्याउने गलत सोचका कारण प्रयोगमा समस्या रहेकोले त्यहाँका दम्पतीहरुलाई प्रत्यक्ष असर परेको भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

# विषयसूची

| | |
|---|---|
| **आवरण पृष्ठ** | i |
| **घोषणा पत्र** | ii |
| **सिफारिस पत्र** | iii |
| **स्वीकृति पत्र** | iv |
| **सारसंक्षेप** | v |
| **कृतज्ञताज्ञापन** | viii |
| **विषयसूची** | x |
| **तालिकाहरुको सूची** | xi |
| **चित्रहरुको सूची** | xii |
| **संक्षिप्त शब्दावली** | xiii |

**अध्यायः- १परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमी | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको उद्धेश्य | ५ |
| १.४ | अनुसन्धानको प्रश्न | ५ |
| १.५ | अध्ययनको महत्व | ६ |
| १.६ | अध्ययनका परिसीमा | ६ |
| १.७ | प्रयोग भएका महत्वपूर्ण शब्दहरुको परिभाषा | ७ |

**अध्याय :- २ सम्बद्ध साहित्यको पुनरावलोकन र धारणात्मक संरचना**

| | | |
|---|---|---|
| २.१ | सैद्धान्तिक साहित्यको पुनरावलोकन | ८ |
| २.२ | संज्ञानात्मक साहित्यको पुनरावलोकन | १० |
| २.३ | साहित्यिक पुनरावलोकनको अध्ययनमा प्रयोग | १२ |

२.४ अवधारणात्मक ढाँचा १३

**अध्याय :- ३ अध्ययनका विधि तथा प्रक्रियाहरु**

३.१ अनुसन्धानको ढाँचा १५

३.२ अध्ययनको जनसंख्या तथा नमुना छनौट प्रक्रिया १५

३.३ तथ्याङ्क संकलनका साधन तथा स्रोतहरु १५

३.४ तथ्याङ्क संकलनका साधनको स्तरीयता बैधता १६

३.५ तथ्याङ्क संकलन प्रक्रिया / विधि १६

३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया १६

**परिच्छेद : ४ नतिजाहरुको व्याख्या तथा विश्लेषण**

४.१ व्यक्तिगत तथा पारिवारिक बिवरण १७

४.१.१ अध्ययन क्षेत्रका दम्पतीहरुको जातीगत तथा धर्मगत विबवरण १७

४.१.२ अध्ययन जनसंख्याको पारिवारिक बनोट १८

४.१.३ मुसहर जातका महिलाहरुको शैक्षिक बिवरण १९

४.१.४ मुसहर जातका दम्पतीहरुमा पुरुषहरुको शैक्षिक बिवरण २०

४.१.५ अध्ययन क्षेत्रका दम्पतीहरुमध्ये महिलाहरुको पेशा सम्बन्धी बिवरण २१

४.१.६ अध्ययन क्षेत्रका पुरुषहरुले गर्ने पेशा सम्बन्धी बिवरण २१

४.१.७ मुसहर जातका महिलाहरुको विवाह भएको उमेर सम्बन्धी बिवरण २२

४.१.८ महिलाहरुको पहिलो बच्चा हुँदाको उमेर सम्बन्धी बिवरण २३

४.१.९ अध्ययन क्षेत्रका महिलाहरुको तत्कालिन बालबालिकाको संख्या सम्बन्धी बिवरण २४

४.२ अध्ययन क्षेत्रका दम्पतीहरुको परिवार नियोजन सम्बन्धीको बिवरण २५

४.२.१ परिवार नियोजन सम्बन्धी ज्ञानको स्थिती २५

४.२.२ परिवार नियोजन केहो भन्ने सम्बन्धमा २६

४.२.३ परिवार नियोजनको साधनहरुको बारेमा जानकारी २६

४.२.४ परिवार नियोजनका साधनहरु प्रयोगको अवस्था २७

४.२.५ परिवार नियोजनका विषयमा पति पत्नी वीच खुलेर कुराकानी हुने वा नहुने सम्बन्धी बिवरण २८
४.२.६ परिवार नियोजनका साधनहरु प्रयोग गर्ने व्यक्ति सम्बन्धमा २९
४.२.७ परिवार नियोजनका साधनहरु प्रयोग नगर्नुका कारणहरु सम्बन्धमा ३०
४.२.८ परिवार नियोजनका साधनहरु मध्ये प्रयोग गरेका साधनहरु वा विधि सम्बन्धमा ३१
४.२.९ परिवार नियोजनका अस्थायी साधनहरु मध्ये प्रयोग गरेको साधनहरुको बिवरण ३२
४.२.१०. परिवार नियोजनका स्थायी विधिहरु प्रयोग गरेको बिवरण ३३
४.२.११ परिवार नियोजनका साधनहरु प्रयोग गर्न जाने स्थानको बिवरण ३४
४.२.१२ परिवार नियोजनका साधनहरु प्रयोग गर्दा देखा परेका असरहरु सम्बन्धी विबरण ३५
४.२.१३ परिवार नियोजनका साधनहरुको प्रयोगबाट हुने फाईदाहरु सम्बन्धी बिवरण ३५
४.२.१४ परिवार नियोजनको अस्थायी साधन पिल्स प्रयोग गर्ने समय सम्बन्धमा ३६
४.२.१५ परिवार नियोजनको अस्थायी साधन पिल्स प्रयोग गर्ने नहुने महिलाहरुको ज्ञान सम्बन्धी बिवरण ३७
४.२.१६ अस्थायी साधन तीनमहिने सुई (डिपो) प्रयोग गर्ने सही समय सम्बन्धी ३७
४.२.१७ परिवार नियोजनको अस्थायी साधन तीनमहीने सुई प्रयोग गर्न नहुने महिलाहरुको ज्ञान सम्बधि बिवरण ३८
४.२.१८. लामो समय सम्म गर्भधारण हुन रोक्ने सही अस्थायी साधनको ज्ञान सम्बन्धी ३९
४.२.१९ महिला कण्डमको ज्ञान सम्बन्धी ४०
४.२.२० परिवार नियोजनका साधनहरु प्रयोग गर्नुका कारणहरु सम्बन्धी बिवरण ४१
४.२.२१ धेरै सन्तान जन्माउनुका कारणहरु सम्बन्धी बिवरण ४१
४.२.२२ मुसहर जातीका दम्पतीका छोरा छोरीको अध्ययन क्षेत्रका सम्बन्धमा ४२
४.२.२३ धेरै छोराछोरी जन्माएका कारण महिलाहरु को स्वास्थ्यमा भएका स्वास्थ्य समस्या सम्बन्धी बिवरण ४३
४.२.२४ परिवार नियोजनका साधनहरु सम्बन्धी दौतरीसँगको छलफलको बिवरण ४४
४.३ सारांश तथा मुख्य नतिजाहरु ४५

## अध्याय ५ : निष्कर्ष तथा सुझावहरु

| | | |
|---|---|---|
| ५.१. | निष्कर्ष | ५१ |
| ५.२ | सुझावहरु | ५२ |
| ५.२.१ | नीति सम्बन्धी सुझावहरु | ५२ |
| ५.२.२ | अभ्यास सम्बन्धी सुझावहरु | ५२ |
| ५.२.३ | थप अनुसन्धनका लागि सम्भावित शिर्षकहरु | ५३ |
| | सन्दर्भसूची | |
| | अनुसुची १ | |

## तालिकाहरुको सुची


| तालिका नं. | विषयबस्तु | पेज नं. |
|---|---|---|
| १. | अध्ययन जनसंख्याको पारिवारिक बनोट | १८ |
| २. | विवाह भएको उमेर सम्बन्धी बिवरण | २३ |
| ३. | पहिलो बच्चा हुँदाको उमेर सम्बन्धी बिवरण | २३ |
| ४. | परिवार नियोजन सम्बन्धी ज्ञानको स्थिती | २५ |
| ५. | परिवार नियोजन के हो भन्ने सम्बन्धमा | २६ |
| ६. | परिवार नियोजनका साधनहरु प्रयोग गर्ने व्यक्ति सम्बन्धमा | ३० |
| ७. | परिवार नियोजनका अस्थायी साधनहरुको प्रयोग सम्बन्धमा | ३३ |
| ८. | परिवार नियोजनका स्थायी विधिहरु प्रयोगको बिवरण | ३३ |
| ९. | परिवार नियोजनका साधनहरु प्रयोग गर्ने स्थान सम्बन्धी | ३४ |
| १०. | परिवार नियोजनका साधनहरुको प्रयोगमा देखा परेका असरहरुको बिवरण | ३५ |
| ११. | परिवार नियोजनको अस्थायी साधन पिल्स प्रयोग गर्ने समय सम्बन्धमा | ३६ |
| १२. | परिवार नियोजनको अस्थायी साधन पिल्स प्रयोग गर्न नहुने महिलाहरु सम्बन्धमा | ३७ |
| १३. | तीनमहिने सुई प्रयोग गर्न नहुने अवस्था सम्बन्धी बिवरण | ३९ |
| १४. | परिवार नियोजनका साधनहरु प्रयोग गर्नुका कारणहरु सम्बन्धी बिवरण | ४१ |
| १५. | धेरै सन्तान जन्माउनुका कारणहरु सम्बन्धी बिवरण | ४२ |
| १६. | धेरै सन्तान जन्माएका कारण महिलाहरुको स्वास्थ्यमा देखिएका समस्याहरु सम्बन्धी बिवरण | ४४ |
| १७. | परिवार नियोजनका साधनहरु सम्बन्धी दौतरी संगको छलफलको बिवरण | ४५ |

## चित्रहरुको सूची


| चित्र नं. | विषयबस्तु | पेज नं. |
| --- | --- | --- |
| १. | अध्ययन क्षेत्रका दम्पतीहरुको जातीगत तथा धर्मगत बिवरण | १८ |
| २. | मुसहर जातका महिलाहरुको शैक्षिक बिवरण | १९ |
| ३. | मुसहर जातका पुरुषहरुको शैक्षिक बिवरण | २० |
| ४. | मुसहर दम्पतीहरुमध्ये महिलाहरुको पेसा सम्बन्धी बिवरण | २१ |
| ५. | पुरुषहरुको पेशा सम्बन्धी बिवरण | २२ |
| ६. | अध्ययन क्षेत्रका महिलाहरुको तत्कालिन बालबालिका संख्या सम्बन्धी बिवरण | २४ |
| ७. | परिवार नियोजनका साधनका बारेमा जानकारी सम्बन्धी बिवरण | २७ |
| ८. | परिवार नियोजनका साधनहरु प्रयोगको अवस्था सम्बन्धी बिवरण | २८ |
| ९. | पतिपत्नी वीच खुलेर कुराकानी हुने वा नहुने सम्बन्धी बिवरण | २९ |
| १०. | परिवार नियोजनका साधनहरु प्रयोग नगर्नुका कारणहरु सम्बन्धी बिवरण | ३१ |
| ११. | परिवार नियोजनका साधनहरु मध्ये प्रयोग गरेको विधि सम्बन्धी बिवरण | ३२ |
| १२. | परिवार नियोजनका साधनहरुले गर्ने फाईदाहरु सम्बन्धी बिवरण | ३६ |
| १३. | तीनमहिने सुई (डिपो) को प्रयोग गर्ने समय सम्बन्धी बिवरण | ३८ |
| १४. | लामो समय सम्म गर्भधारण रोक्ने परिवार नियोजनको अस्थायी साधनको ज्ञान सम्बन्धमा | ३९ |
| १५. | महिला कण्डमको ज्ञान सम्बन्धी बिवरण | ४० |
| १६. | मुसहर जातीका दम्पतीहरुका छोराछोरीको अध्ययन स्थल सम्बन्धी बिवरण | ४३ |

## शंक्षिप्त शब्द

| | | |
|---|---|---|
| CPR | : | Contraceptive Prevalence Rate |
| NDHS | : | Nepal Demographic Health Survey |
| FPLMCH Board | : | Family Planning Maternal Child Health Board |
| DOHS | : | Department of Health Services |